# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ९) काठमाडौँ, पौष ११ गते, २०८२ साल

**भाग १**

## काठमाडौँ महानगरपालिका, भवन निर्माण मापदण्ड, २०८० लाई संशोधन गर्न बनेको मापदण्ड, २०८२

**प्रस्तावना**: काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० लाई संशोधन गर्न बाञ्छनीय भएकोले, काठमाडौँ महानगरपालिकाको नगरसभाले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड (पहिलो संशोधन) २०८२ रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दफा ३ मा संशोधनः** काठमाडौँ महानगरपालिका, २०८० (यस पछि "मूल मापदण्ड" भनिएको) दफा ३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः

"(ग) बेसमेंट निर्माण गर्दा floor to lowest point of beam को ऊचाई २.७५ मिटर सम्म एक तला basement को मापदण्ड तथा नक्सा पास दस्तुर लागु हुनेछ भने सो उचाई २.७५ मिटर भन्दा बढी भएमा Double basement (दुई तला) को मापदण्ड तथा नक्सा पास दस्तुर लागु हुनेछ। "

३. **मुल मापदण्डको दफा ४ मा संशोधनः** मूल मापदण्डको दफा ४ को खण्ड (च) को सट्टा देहायको खण्ड(च) राखिएको छः

"०-८-०-० (आठ आना) भन्दा कम क्षेत्रफल जग्गामा भवनको कुल क्षेत्रफल ५(पाँच) हजार वर्गफिट भन्दा कम भएको संस्थागत प्रयोजनको निमित्त निर्माण हुने भवन वा संस्थाको नाममा निर्माण हुने भवनको स्वीकृति दिँदा सम्बन्धित क्षेत्र/उपक्षेत्र बमोजिमको आवासीय प्रयोजनको भवनको मापदण्ड लागू हुनेछ।"

४. **मुल मापदण्डको दफा ७ मा संशोधनः** मूल मापदण्डको दफा ७ को खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थप गरिएको छः

"(छ) पुरानो शहरी क्षेत्र बाहेकका क्षेत्रमा मिश्रित/व्यापारिक/संस्थागत होटेल प्रयोजनका भवन निर्माण गर्दा जग्गासँग जोडिने मुख्य बाटोको चौडाई कम्तिमा ६ मिटर हुनुपर्नेछ। मुख्य प्रवेश बिन्दु देखि प्लटसम्मको बाटोको चौडाई ६ मिटर भन्दा सानो हुनु हुँदैन। यो मापदण्ड नयाँ निर्माण हुने भवनको नक्सा पासको हकमा मात्र लागु हुनेछ।

(ज) पुरानो शहरी क्षेत्र बाहेकका क्षेत्रमा शैक्षिक/स्वास्थ्य/सिनेमा/सभाहल आदि मानिसहरु जम्मा हुने प्रयोजनका भवन निर्माण गर्दा जग्गासँग जोडिने मुख्य बाटोको चौडाई कम्तिमा ८ मिटर हुनुपर्नेछ। मुख्य प्रवेश बिन्दुदेखि प्लटसम्मको बाटोको चौडाई ८ मिटर भन्दा सानो हुनु हुँदैन। यो मापदण्ड नयाँ निर्माण हुने भवनको नक्सा पासको हकमा मात्र लागु हुनेछ"

५. **मूल मापदण्डको दफा ८ मा संशोधनः** मूल मापदण्डको दफा ८ खण्ड(क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

"पुरानो सहरी क्षेत्र बाहेकका अन्य क्षेत्रमा जुनसुकै प्रयोजनका लागि निर्माण हुने १७ मिटर (अधिकतम पाँच तलासम्म) भन्दा अग्ला सबै किसिमका भवनहरुको हकमा भुईंतला देखिनै भवनको वरिपरिको न्यूनतम सेटब्याक निम्न बमोजीम छोडेको हुनुपर्नेछ। (नोट : एउटै भवनमा फरक-फरक भवनको ऊचाई भएको खण्डमा अधिकतम ऊचाई बमोजीम अधिकतम सेटब्याक लागु हुनेछ) "

| भवनको उचाई | व्यापारिक, संस्थागत, होटल शैक्षिक, स्वास्थ्य प्रयोजन भवन हकमा | आवासीय, मिश्रित प्रयोजन तथा संयुक्त भवनको हकमा |
|---|---|---|
| १७ मिटर भन्दा बढी ३१ मिटर सम्म | ५ मि. | ५ मि. |
| ३१ मिटर भन्दा बढी ३८ मिटर सम्म | ६ मि. | ५ मि. |
| ३८ मिटर भन्दा बढी ४५ मिटर सम्म | ७ मि. | ६ मि. |



| भवनको उचाई | व्यापारिक, संस्थागत, होटल शैक्षिक, स्वास्थ्य प्रयोजन भवन हकमा | आवासीय मिश्रित प्रयोजन तथा संयुक्त भवनको हकमा |
|---|---|---|
| ४५ मिटर भन्दा बढी ५२ मिटर सम्म | ८ मि. | ७ मि. |
| ५२ मिटर भन्दा बढी ५९ मिटर सम्म | ९ मि. | ८ मि. |
| ५९ मिटर भन्दा बढी ६६ मिटर सम्म | १० मि. | ९ मि. |
| ६६ मिटर भन्दा बढी ८० मिटर सम्म | ११ मि. | १० मि. |
| ८० मिटर भन्दा बढी ९४ मिटर सम्म | १२ मि. | ११ मि. |
| ९४ मिटर भन्दा बढी १०० मिटर सम्म | १३ मि. | १२ मि. |

६. **मूल मापदण्डको दफा २२ मा संशोधनः** मूल मापदण्डको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः

"(क) यस मापदण्डमा उल्लेखित व्यवस्था बाहेक अन्य व्यवस्था "काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४", "बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२" अनुसार हुनेछ।

(ख) स्वीकृत वातावरणीय अध्ययन (BES, IEE, EIA) प्रतिवेदन अनुसारको नक्सामा पेश भए पश्चात अस्थायी (प्लिन्थ लेभल सम्मको) नक्सा इजाजत स्वीकृत गरिनेछ।

(ग) वातावरणीय अध्ययन (BES, IEE, EIA) गर्नुपर्ने भवनको हकमा अनुसूची १ बमोजीम उर्जा प्रभावकारिता समाहित हुनेगरी भवन निर्माण गर्नुपर्नेछ।"

७. मूल मापदण्डमा अनुसूची १ थप गरिएकोः दफा २२ खण्ड (ग)सँग सम्बन्धित देहायका अनुसूची १ थप गरिएको छः

## अनुसूची १

### दफा २२ खण्ड (ग)सँग सम्बन्धित

### उर्जा प्रभावकारिता सम्बन्धी विवरण

| S.N. | Design Requirements | As Submitted | | Remarks | Reference |
|---|---|---|---|---|---|
| Elevation of building site: .........m above sea level, Climatic zone: ....................Climatic Region | | | | | |
| A | Energy Efficient (EE) Measures | | | | |
| 1 | Building Envelope: Walls | | | | |
| 1.1 | U-value of the external wall assembly ($W/m^2.K$) | | | Mandatory | |
| 1.2 | Is the value within the reference range? | Yes | No | Mandatory | Max. 1.8 |
| 1.3 | Use of any additional insulation layer? | Yes | No | Preferable | |
| 2 | Building Envelope: Roofs | | | | |
| 2.1 | U-value of roof assembly ($W/m^2.K$) | | | Mandatory | |
| 2.2 | Is the value within the reference range? | Yes | No | Mandatory | Max. 1.2, but 1.5 for flat roofs of traditional buildings |
| 2.3 | Use of any additional insulation layer? | Yes | No | Preferable | |
| 3 | Building Envelope: Floor | | | | |
| 3.1 | Use of any additional insulation layer? | Yes | No | Preferable | |
| 4 | Building Envelope: Fenestration | | | | |
| 4.1 | Minimum openable area for natural ventilation (WFRop), % | | | Mandatory | 1/6th - For Warm Temperate 1/8th - For Temperate 1/12th - For Cool Temperate 1/16th - For Cold Climate |

| S.N. | Design Requirements | As Submitted | | Remarks | Reference |
|---|---|---|---|---|---|
| 4.2 | Minimum glazed area including fixed and openable glazing in habitable rooms (GFR), % | | | Mandatory | 1/8th of the floor area (NBC: 206, 2024) |
| 4.3 | Window to wall ratio for each facade (E,S,W,N) | | | Mandatory | For WWR ≤ 40%<br>1. U-value ≤ 5.8 |
| | | | | Mandatory | **For WWR > 40%**<br>a. U-value ≤ 2.8<br>b. 0.31 ≤ SC<br>c. 0.3 ≤ VLT |
| 4.4 | Properties of Glass | | | | |
| | a) U-Value ($W/m^2.K$) | | | As per 4.3 | |
| | b) Shading Coefficient (SC) | | | | (0-1) |
| | c) Visible light transmission (VLT) % | | | | |
| 4.5 | Daylighting: Cumulative daylighting of habitable rooms in the building, % | | | Mandatory | Min. 40% |
| 5 | Weather Shade | | | | |
| 5.1 | Width of horizontal weather shading (E/S/W) | Yes | No | Mandatory | Min 450 mm |
| 5.2 | Vertical side fins (E/W) | Yes | No | Preferable | |
| 5.3 | External Movable Shading System (E/W/S) | Yes | No | Preferable | For Warm Temperate |
| B | Renewable Energy (RE) Measures | | | | |
| 1.1 | Solar water heating | Yes | No | Preferable | |
| 1.2 | Solar based heating and cooling | Yes | No | Preferable | |

स्वीकृत मितिः २०८२/०९/११

ने.सं. ११४६ पोहेलाथ्व खस्थि

आज्ञाले

सरोज गुरागाईं

प्रमुख प्रशासकीय अधिकृत